## वस्तुगत प्रश्नोत्तर

**१. सरकारले रामसार सूचीमा सूचीकृत फेवाताल र वरिपरिको जलाधार क्षेत्रलाई समेटेर संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने निर्णय कहिले गरेको हो ?**

✍ वि.सं. २०७८ माघ २४

- वि.सं. २०७८ माघ २४ को मन्त्रिपरिषद बैठकले सो निर्णय गरेको ।
- बैठकले फेवातालको प्राकृतिक संरचना यथावत् राखी संरक्षण गर्ने उद्देश्यका साथ सो निर्णय गरेको जनाएको ।
- वि.सं. २०७८ माघ २५ मा मन्त्रिपरिषद बैठकको निर्णय सार्वजनिक गर्दै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीद्वारा सो जानकारी दिइएको ।

**२. निजामती सूचना केन्द्र कहाँ निर्माण गर्न थालिएको छ ?**

✍ निजामती किताबखाना (काठमाडौँ)

- सबै निजामती कर्मचारीको व्यक्तिगत विवरणसहितको कर्मचारी सङ्केत नम्बर डिजिटलाइजेसन गर्दै निजामती किताबखानालाई निजामती सूचना केन्द्रका रूपमा निर्माण गर्न लागिएको ।
- सूचना केन्द्र निर्माण भएपछि कर्मचारीको विगतदेखि हालसम्म सबै विवरण सहज र सर्वसुलभ रूपमा प्राप्त गर्न सकिने ।
- अहिले कर्मचारीको नियुक्तिपत्र, नागरिकता, शैक्षिक योग्यता, सरुवा, बढुवा, बिदा, जोडिएको सेवा अवधि, कर्मचारीले पाएको पुरस्कार र विभागीय कारबाहीलगायत (नियुक्तिदेखि अवकाशसम्मको अभिलेखीकरणका) दस्तावेजलाई डिजिटलाइजेसन कार्य भइरहेको । सबै कर्मचारीको व्यक्तिगत विवरणको अभिलेख डिजिटलाइजेसन भएपछि कर्मचारीको विस्तृत विवरण कम्प्युटरमा निश्चित कोर्ड नम्बर हानेपछि प्राप्त गर्न सकिने ।
- अहिले सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहका गरी एक लाख ३६ हजार निजामती कर्मचारीको दरबन्दी रहेकोमा ८७ हजार दरबन्दीमा मात्र कर्मचारी रहेको र बाँकी दरबन्दी रिक्त रहेको ।
- वि.सं. १९०५ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुरको पालामा निजामती, प्रहरी, जङ्गी र मिलिसियाका कर्मचारीको लगत राख्ने मुख्य कार्यका लागि मुलुकी किताबखानाको नाममा किताबखाना कार्यालय स्थापना गरिएको थियो ।

**३. स्वर साम्राज्ञी लता मङ्गेशकरको निधन कहिले भएको हो ?**

✍ सन् २०२२ फेब्रुअरी १



- गायन क्षेत्रमा प्रख्यात भारतीय कलाकार लता मङ्गेशकरले तीन दर्जन भाषामा झन्डै ५० हजार गीत रेकर्ड गराउनुभएको । यसमा नेपाली भाषाका गीत पनि पर्छन् ।
- सन् १९८४ मा वर्ल्ड रेकर्डमा ३० हजारभन्दा बढी गीत गाउनुभएकी गायिकाका रूपमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा लता मङ्गेशकरको नाम लेखिएको थियो ।
- भारतका प्रसिद्ध सङ्गीतकार पण्डित दीनानाथ मङ्गेशकरका पाँच सन्तानमध्ये पहिलो सन्तान हुनुहुन्थ्यो– आवाजका जादुगर लता मङ्गेशकर । उहाँको जन्म सन् १९२९ सेप्टेम्बर २८ मा भारतको इन्दोरमा भएको थियो ।
- आशा भोसले, उषा मङ्गेशकर, मीना मङ्गेशकर एवं हृदयनाथ मङ्गेशकर उहाँका भाइबहिनीहरू साङ्गीतिक क्षेत्रमै संलग्न हुनुभएको ।
- थुप्रै पुरस्कार र सम्मानबाट सम्मानित लताले सन् १९८९ मा सर्वोच्च सम्मान दादा साहेब फाल्के अवार्ड पाउनुभएको । यस्तै भारतको सर्वोच्च राष्ट्रिय सम्मान 'भारत रत्न'बाट पनि सुशोभित हुनुभएको ।
- 'जिन्दगी प्यारका गीत है, दिदी तेरा देवर दिवाना, तुझे देखा तो ये जाना समन'जस्ता लोकप्रिय गीत उहाँले गाउनुभएको ।

**४. सरकारले प्रतिस्थापन बजेट ल्याएको पाँच महिनापश्चात् बजेटको आकार घटाई कति कायम गरेको छ ?**

✍ रु. १५ खर्ब ४६ अर्ब २८ करोड

- आ.व. २०७८/७९ को बजेटको अर्धवार्षिक मूल्याङ्कन सार्वजनिक गर्दै ८६ अर्ब ५५ करोड रुपियाँले बजेट घटाएको जनाइएको ।
- यसअघि अर्थमन्त्री जनार्दन शर्माद्वारा वि.सं. २०७८ भदौ २५ मा प्रतिस्थापन बजेट प्रस्तुत गर्दै १६ खर्ब ३२ अर्ब ८३ करोड रुपियाँको खर्च अनुमान सार्वजनिक गरिएको थियो ।
- संशोधित बजेटअनुसार चालूतर्फ १० खर्ब ३५ अर्ब ४६ करोड रुपियाँ बजेट खर्च हुने अनुमान गरिएको ।
- त्यस्तै पुँजीगत खर्च कुल विनियोजनको करिब ३८ अर्ब घटाउँदै तीन खर्ब ४० अर्ब ३२ करोड रुपियाँ खर्च हने अनुमान गरिएको ।
- वित्तीयतर्फ पनि १९ अर्ब घटाउँदै एक खर्ब ७० अर्ब ४९ करोड रुपियाँ खर्च हुने संशोधित अनुमान रहेको ।
- बजेट खर्चका लागि सरकारले राजस्व र आन्तरिक ऋण गरेर १२ खर्ब ८९ अर्ब ८२ करोड र वैदेशिक अनुदानतर्फ ५० अर्ब तथा वैदेशिक ऋणतर्फ दुई खर्ब छ अर्ब ४६ करोड रुपियाँ स्रोत जुटाउने संशोधित अनुमान गरेको ।
- आर्थिक वृद्धिदर र राजस्वको लक्ष्य यथावत् नै रहेको ।

**५. हाल विश्वकै सबैभन्दा अग्ली महिलाको रूपमा गिनिज बुकमा वर्ल्ड रेकर्ड्स राख्न सफल महिला को हुन् ?**

✍ रुमेस्या गेल्गी (टर्की)

- २४ वर्षीया गेल्गीको उचाइ ७.०७ फिट रहेको ।
- उनी अहिलेसम्मकै विश्वको सबैभन्दा अग्ली जीवित महिला भएको बताइएको ।
- यसअघि यो उपाधि चीनकी ७ फिट ७ इन्च अग्ली याओ देफेनको नाममा रहेको । उनको ४० वर्षको उमेरमा निधन भएको ।

**६. रामेछाप र ओखलढुङ्गाको सीमामा बग्ने लिखु नदीमा निर्मित लिखु-४ जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ?**

✍ ५२.४ मे.वा. (२०७८ मङ्सिरमा राष्ट्रिय प्रसारण लाइनमा जोडिएको ।)

- रामेछापको उमाकुण्ड गाउँपालिका–७, भुजी र ओखलढुङ्गाको खिजिदेम्बा गाउँपालिकाको बीचमा बग्ने लिखु नदीको पानीलाई विमिरे भन्ने स्थानमा बाँध बनाई ४.२४ कि.मि. लामो भूमिगत सुरुङमार्फत खिजिदेम्बाको रगनी फेदीमा निर्माण भएको उत्पादन गृहमा खसालिएको ।
- उत्पादन गृहमा दुईवटा टर्वाइनबाट बिजुली उत्पादन गरिएको ।
- उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत रामेछाप जिल्लाको मन्थली न.पा.–६, खिम्तीमा निर्मित न्यु खिम्ती सबस्टेसनमा जोडिएको ।

**७. प्रशासकीय अदालत ऐन, २०७६ अनुसार सर्वोच्च अदालत वा प्रशासकीय अदालतमा परेको पुनरावेदनको टुङ्गो नलाग्दै पुनरावेदन दिने व्यक्ति सेवाबाट अवकाश भएमा वा निजको मृत्यु भएमा सो पुनरावेदन सम्बन्धमा के व्यवस्था रहेको छ ?**

✍ पुनरावेदन खारेज नहुने (अन्तिम किनारा गर्नुपर्ने)

**८. नागरिक लगानी कोषद्वारा सञ्चालनमा ल्याइएको नागरिक पेन्सन योजनाअनुसार पेन्सन पाउनका लागि बचतकर्ताले सामान्यतया कति वर्षसम्म रकम जम्मा गर्नुपर्ने प्रावधान रहेको छ ?**

✍ १५ वर्ष

**९. प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध महाभियोग प्रस्ताव गर्नेसम्बन्धी सूचना कहिले दर्ता गरियो ?**

✍ वि.सं. २०७८ फागुन १

- सत्ता गठबन्धनमा आबद्ध नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)का सांसदद्वारा सूचना दर्ता गरिएको ।
- विभिन्न २१ आरोप लगाई दर्ता गरिएको सूचनामा प्रस्तावकसहित ९८ सांसदको हस्ताक्षर रहेको ।
- महाभियोग सूचना दर्ताका लागि प्रतिनिधि सभाको एक चौथाइ सदस्य भए पुग्ने संवैधानिक व्यवस्था रहेको ।
- महाभियोग सूचना दर्तासँगै प्रधानन्यायाधीश जबरा स्वतः निलम्बनमा पर्नुभएको ।
- महाभियोग सूचना दर्तापछि वरिष्ठतम न्यायाधीश दीपककुमार कार्कीले स्वतः कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी पाउनुभएको ।
- यसअघि पनि नेपाली काँग्रेस र माओवादी केन्द्रको सत्ता गठबन्धन रहेका बेला तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीमाथि महाभियोग दर्ता भएको थियो तर राजनीतिक विवादका कारण पछि फिर्ता लिइएको थियो ।

**१०. नेपालको कुन हिमाललाई 'लेडिज पिक' उपनामले चिनिन्छ ?**

✍ अमादब्लम



**११. साहित्य लोकहितमा सिर्जित कलापूर्ण विषय एवं स्रष्टाको स्वच्छ हृदयबाट प्रस्फुटित प्रभावकारी चिन्तन हो भन्ने साहित्यकार को हुन् ?**

✍ घटराज भट्टराई

**१२. परेवालाई शान्तिको प्रतीक मानिन्छ भने हाँसलाई केको प्रतीक मानिन्छ ?**

✍ न्याय (ढुकुरलाई प्रेमको प्रतीक मानिने)

**१३. नेपालमै निर्माण गरिएको पहिलो स्याटेलाइट कुन हो ?**

✍ सानो स्याट–१

- यो स्याटेलाइटलाई वि.सं. २०७८ पौष २९ (सन् २०२२ जनवरी १३)मा स्पेस एक्सको फाल्कोन–९ रकेटमार्फत (अमेरिकाको केप क्यार्निभल फ्लोरिडा स्पेस सेन्टरबाट) प्रक्षेपण गरिएको ।
- यो स्याटेलाइटलाई भक्तपुरको ओरियन स्पेसले निर्माण गरेको ।

**१४. मेचे जातिको मुख्य बसोवास रहेको जिल्ला कुन हो ?**

✍ झापा

- (सिउँडीको बोटलाई कुल देवता मान्ने यस जातिको पुरोहितलाई ' दिउसी भनिन्छ ।)

**१५. प्रशासन क्षेत्रको अध्ययन र अनुसन्धान गरी सरकारलाई सल्लाह सुझाव दिने प्रयोजनका लागि सरकारले कुन कार्य अघि बढाउने निर्णय (२०७८ माघ) गरेको छ ?**

✍ प्रशासनविज्ञको नाम सूचीकृत गर्ने

- यसमा सार्वजनिक निकायबाट सह–सचिवस्तरको सेवाबाट अवकाश भएका व्यक्तिले नाम सूचीकृत गराउन सक्ने ।
- त्यस्तै विश्वविद्यालयका जनप्रशासन, नीति व्यवस्थापन विषयमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरी सार्वजनिक प्रशासनका क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थामा अनुसन्धानकर्ताका रूपमा न्यूनतम सात वर्ष काम गरी प्रशासनसम्बन्धी पुस्तक प्रकाशन तथा अनुसन्धानमूलक लेख प्रकाशन गरेका व्यक्तिलाई प्रशासनविज्ञका रूपमा लिन सकिने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको ।

**१६. देशको पहिलो विद्युत् चुहावटमुक्त घोषित नगरपालिका कुन हो ?**

✍ कन्काई नगरपालिका, झापा

**१७. दार्चुलाको छाङरुमा सशस्त्र प्रहरीको बीओपीको स्थापना कहिले भएको हो ?**

✍ वि.सं. २०७७ वैशाख ३१

**१८. नेपालमा जिरो हङ्गर च्यालेन्ज अभियान औपचारिक रूपमा कहिले सुरु भएको हो ?**

✍ वि.सं. २०७१ पौष ४

**१९. संयुक्त राष्ट्रसङ्घको महासभाका पहिलो अध्यक्ष को हुन् ?**

✍ बेल्जियमका पाउल हेनरी स्पार्क

- (यूएनओ महासभाको पहिलो महिला अध्यक्ष भारतकी विजयालक्ष्मी पण्डित हुन् ।)

**२०. फाइनान्सियल एक्सन टाक्स फोर्स (FATF)को पूर्ण सदस्यता प्राप्त गर्ने पहिलो अरव मुलुक कुन हो ?**

✍ साउदी अरव

**२१. 'हाइवे अफ स्पेसियल प्रोग्राम' केसँग सम्बन्धित छ ?**

✍ One Village One Product (OVOP)

**२२. नेपालमा औद्योगिक गणनाको थालनी कहिलेदेखि भएको हो ?**

✍ वि.सं. २०२२

- नेपालमा प्रथम औद्योगिक गणना वि.सं. २०२२ मा गरिएको ।
- औद्योगिक गणना प्रत्येक पाँच–पाँच वर्षमा गरिने ।

**२३. नेपालको कुन ठाउँमा सुनौला रङको कछुवा फेला परेको हो ?**

✍ जनकपुर

- (सन् २०१८ अप्रिल १४ का दिन जनकपुरमा यो कछुवा पहिलो पटक देखिएको थियो । विश्वव्यापी अध्ययन गर्न र पुष्टि गर्न भने दुई वर्ष लागेको । नेपालमा सुनौलो रङ भएको कछुवा पहिलो पटक अभिलेख भएको पुष्टि गर्दै हर्पेटो नोट्समा २१ अगस्त २०२० मा अध्ययन प्रतिवेदनका रूपमा छापिएको ।)

**२४. अष्टिम्की पर्व कुन जातिमा प्रचलनमा रहेको छ ?**

✍ थारू

- महिला व्रत बसेर पूजाआजा गरी दुई दिनसम्म अष्टिम्की पर्व मनाउने परम्परा थारू समुदायमा रहेको ।
- पर्वको सुरुको दिन बिहानै गाउँका भलमन्सा वा बडघरको घरमा बहरी (बैठक कोठा) का भित्ता लिपपोत गरी चुनले रङ्ग्याएर भगवान् श्रीकृष्ण र उनको जीवनमा आधारित चित्र कोर्ने परम्परा रहेको ।
- पर्वको दोस्रो दिन बिहानै भगवान् श्रीकृष्णको पूजाआजा गरिने । पूजाआजा सकेपछि त्यहाँ चढाइएका पूजा सामग्री त्यही बिहान नदी खोलामा सेलाउने गरिन्छ । नदी, खोलाबाट नुहाएर आएपछि घरमा फुलौरी, माछाको सुकुटी, खरियालगायतका परिकार खाने गरिन्छ । खानुअघि प्रत्येक परिकारबाट केही भाग निकालेर राखिन्छ, जसलाई फरहार भनिन्छ । सो परिकारलाई विवाहिता छोरीचेलीलाई अग्रासन (कोसेली)का रूपमा दिने चलन छ ।

**२५. नेपालको संविधान (२०७२) को कुन धारामा महिला र पुरुषबीच समान कामका लागि पारिश्रमिकमा भेदभाव नगरिने उल्लेख छ ?**

✍ धारा १८ (४)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# वित्तीय प्रणाली प्रभावकारी बनाइने




**१. नेपालमा तीन तहको योजना प्रणालीमा देखिएका समस्या के के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ आर्थिक सामाजिक रूपान्तरणका लागि गरिने व्यवस्थित कार्ययोजना प्रणाली हो । यसमा तोकिएका उद्देश्य, लक्ष्य प्राप्तिका लागि साधन स्रोतको व्यवस्थित परिचालन गरिन्छ । नेपालमा सङ्घीय प्रणाली लागू भएपछि सङ्घ, प्रदेश र स्थानीय तहसम्मका सरकारले आफ्ना विषयमा योजना बनाउन र कार्यान्वयन गर्न सक्ने व्यवस्था नेपालको संविधानले गरेको छ । संविधानको यही व्यवस्थाबमोजिम प्रदेश र स्थानीय तहमा समेत आवधिक योजना तयार हुने क्रम रहेको छ । राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहको योजनालाई सहयोग एवं मार्गदर्शन गर्नका लागि प्रदेश योजना तर्जुमा दिग्दर्शन र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन उपलब्ध गराइसकेको अवस्था छ । राष्ट्रिय योजना आयोगले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम कार्य गर्दै आएको अवस्था छ । प्रदेश तहमा प्रदेश योजना आयोग गठन भएका छन् । यी र यस्ता कानुनी तथा संस्थागत संरचना तयार भए पनि नेपालमा तीन तहको योजना प्रणालीमा विभिन्न समस्या देखिएका छन्, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- प्रदेश र स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना, नीति, लक्ष्य कार्यान्वयनमा सहयोग पुग्ने गरी योजना तर्जुमा नगर्नु,
- राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहमा योजना तर्जुमा कार्यमा पर्याप्त सहयोग, समन्वय नगर्नु,
- प्रदेश र स्थानीय तहमा योजना तर्जुमा कार्यमा अनुभवी र दक्ष जनशक्तिको अभाव हुनु,
- प्रदेश र स्थानीय तहमा योजना तर्जुमा कार्यमा आवश्यक पर्ने खण्डीकृत तथ्याङ्कको अभाव हुनु,
- सङ्घमा रहेको राष्ट्रिय योजना आयोगको गठन कानुनी आधारमा नभई आदेशका रूपमा रहनु,
- दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी प्रदेश र स्थानीय तहले आवधिक योजना, वार्षिक बजेट तर्जुमा नगर्नु, यसमा सङ्घबाट समयमै मार्गदर्शन नदिनु,
- प्रदेश र स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक पर्याप्त साधनस्रोतको अभाव हुनु, प्राप्त साधनको प्राथमिकीकरण गर्न नसक्नु,
- प्रदेश र स्थानीय तहका योजना, वार्षिक बजेट तथा कार्यक्रमबीच पर्याप्त समन्वय नहुनु, यसमा संस्थागत ज्ञान, अनुभव एवं सूचनाको अभाव हुनु,
- प्रदेश र स्थानीय तहमा आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना संस्थागत हुन नसक्नु,
- प्रदेश र स्थानीय तहमा आयोजना छनोट तथा बजेट विनियोजनमा आवश्यक पर्ने दक्षता, क्षमता, अनुभवको कमी हुनु,
- राष्ट्रिय प्राथमिकता, प्रदेशको आवश्यकता तथा स्थानीय नागरिकको मागबीच उपयुक्त सन्तुलन मिलाउन नसक्नु,
- आयोजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कनमा आवश्यक पर्ने सूचकको विकास नहुनु,
- संविधानबाट प्राप्त एकल अधिकारको विषयमा पर्याप्त कानुनी आधार तयार नहुनु,
- सङ्घबाट प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा पर्ने आयोजना हस्तान्तरण गर्ने कार्यमा ढिलाइ हुनु,
- प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने विषयमा सङ्घले स–साना आयोजना तर्जुमा गर्नु,
- रुग्ण आयोजनाको विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबीच पर्याप्त समन्वय, सहकार्य हुन नसक्नु,
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकारिता तथा सहअस्तित्वबमोजिम कार्य हुन नसक्नु ।

**२. मानव स्रोतको प्राप्तिअन्तर्गत के के कार्य पर्छन् ? उल्लेख गर्नुहोस् ।**

✍ सङ्गठनमा मानव स्रोत आवश्यकता पूर्ति गर्ने कार्य मानव स्रोतको प्राप्ति हो । यसमा सङ्गठनमा मानव साधनको भर्नापूर्व गर्नुपर्ने कार्यदेखि मानव स्रोत योजना तर्जुमा, कर्मचारीको पदस्थापन, सामाजिकीकरण लगायतका कार्य पर्छन् । जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

● **क. मानव स्रोत योजना :**
- सङ्गठनमा मानव स्रोत प्राप्तिका लागि सर्वप्रथम मानव स्रोतको आपूर्तिको अनुमान गरिन्छ । कर्मचारी आवश्यकता र आपूर्तिका आधारमा मानव स्रोत योजना तयार गरिन्छ ।

● **ख. भर्ना :**
- सङ्गठनमा आवश्यक पर्ने कर्मचारी पूर्ति गर्नका लागि दरखास्त आह्वान गरेर भर्ना प्रक्रियाको सुरुवात गरिन्छ ।

● **ग. उम्मेदवार छनोट :**
- कर्मचारी पूर्तिका लागि परेका दरखास्तहरूमध्येबाट उपयुक्त योग्य व्यक्ति छनोट गरिन्छ । सङ्गठनमा आवश्यक कर्मचारी चयन गर्ने कार्य सम्पन्न गरिन्छ ।

● **घ. पदस्थापन :**
- छनोट भएका कर्मचारीको ज्ञान, सीप, अनुभव, क्षमताअनुसार उपयुक्त व्यक्तिलाई उपयुक्त पदमा पदस्थापन गरिन्छ । यो कर्मचारी कार्यस्थलमा खटाउने र जिम्मेवारी दिने कार्य हो । कर्मचारी पदस्थापन गर्दा कर्मचारीले गर्नुपर्ने कार्यको विवरण दिनुपर्छ ।

● **ङ. सामाजिकीकरण :**
- सङ्गठनको कार्य प्रकृति, संस्कारलगायतका पक्षमा कर्मचारीलाई जानकारी गराइन्छ ।

**३. मुलुकको आर्थिक विकासमा सार्वजनिक क्षेत्रले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? लेख्नुहोस् ।**

✍ सरकारको स्वामित्व र नियन्त्रणमा रहने सरकारी लगानी एवं गतिविधि सार्वजनिक क्षेत्र हो । यसअन्तर्गत सरकारी आर्थिक गतिविधि र तिनका क्षेत्र पर्छन् । यसलाई सरकारी क्षेत्र पनि भनिन्छ । नेपालको संविधानको धारा ५१ (घ) (१) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति छ । चालू पन्ध्रौँ योजनामा मुलुकको आर्थिक विकासमा यी तीनवटै क्षेत्रको भूमिका प्रस्ट गरिएको छ । आर्थिक विकासका यी तीन क्षेत्रमध्ये सरकारी क्षेत्र प्रमुख क्षेत्र हो । जसले अरू क्षेत्रको कार्यमा सहजीकरण, समन्वय एवं नियमन गर्दछ । निजी क्षेत्र, सहकारी क्षेत्र तथा अन्य गैरसरकारी क्षेत्रको सहकार्यमा सरकारले आफू अगुवाका रूपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । मुलुकको विकासका लागि सरकारले अन्य निकायको परिचालन गर्न वातावरण निर्माण गर्ने र अन्य क्षेत्रको परिचालन गर्न नसक्ने अवस्थामा आफ्नै सहभागितामा विकास कार्यलाई अगाडि बढाउनुपर्ने हुन्छ । नेपालको समग्र आर्थिक विकासमा सार्वजनिक क्षेत्रले निर्वाह गर्नुपर्ने भूमिका निम्नानुसार हुनुपर्ने देखिन्छ :

- मुलुकमा शान्ति सुरक्षा, राजनीतिक स्वच्छता र स्थिरता, प्रशासनिक सबलता, निष्पक्षता र पारदर्शिताको प्रत्याभूति गर्दै अन्य क्षेत्रमा स्वच्छ प्रतिस्पर्धाको वातावरण तयार गर्ने,
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, यसका लागि ब्याजदर, विनिमय दर, करका दर, मुद्रास्फीति दरमा स्थिरता कायम गर्ने,
- जनतालाई निष्पक्ष न्याय प्रणालीको अनुभूति दिलाउने,
- विकासको दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्दै सङ्घीय प्रणालीको सवलीकरण गर्ने,
- निजी क्षेत्रको विकास र लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत, संस्थागत र कानुनी व्यवस्था गर्ने,
- निजी क्षेत्र आकर्षित नहुने क्षेत्रको भौतिक सामाजिक पूर्वाधार विकास गर्ने,
- उद्योगधन्दा, व्यापार, पर्यटन, जलस्रोतलगायत आर्थिक क्रियाकलापमा निजी क्षेत्रको लगानी बढाउन सहजकर्ताको भूमिका निर्वाह गर्ने,
- वैदेशिक रोजगारमा जाने युवालाई मुलुकभित्रै परिचालन गर्न रोजगारीका अवसर सिर्जना गर्ने,
- सामाजिक न्याय र प्रादेशिक सन्तुलन कायम गर्ने,
- विकासको प्रतिफल सर्वसाधारणमा पुऱ्याउन आवश्यक नीतिगत र कार्यगत पहल गर्ने,
- ऐन नियमको तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने, प्रदेश र स्थानीय तहमा कानुन निर्माण, योजना निर्माणलगायतका कार्यमा सहयोग एवं समन्वय विस्तार गर्दै स्थानीय तहदेखि विकास, सुशासन, लोकतन्त्र र समृद्धि संस्थागत गर्ने,
- निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र एवं नागरिक समाजको सवलीकरण गर्ने, यी निकायले गर्ने कार्यमा पूर्ण रूपमा सहयोग गर्ने, समन्वय गर्ने, सहजीकरण गर्ने र त्यस्ता सबै कार्यको सशक्त नियमन गर्ने,
- समग्रमा लोककल्याणकारी राज्य स्थापना गर्ने,

**४. नेपालको वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**

✍ सङ्घीय सरकारका तहहरूबीच राजस्व अधिकार, राजस्व बाँडफाँट, अनुदान वितरण, ऋण परिचालन, सार्वजनिक खर्च, बजेट व्यवस्थापन, आर्थिक अनुशासन लगायतका विषयको संयोजन एवं व्यवस्थापन गर्ने कार्य वित्तीय सङ्घीयता हो । नेपालमा वित्तीय सङ्घीयतालाई व्यवस्थित गर्न नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, नियमावली, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनी व्यवस्था छन् । यस कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आवश्यक कार्य र सहयोग गर्दै आएको छ । यी समग्र प्रयासलाई प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । यसका लागि निम्न उपाय अबलम्वन गर्नुपर्ने देखिन्छ :

- प्रदेश र स्थानीय तहले संविधानबाट प्राप्त गरेको राजस्व अधिकारको पूर्ण प्रयोग गर्ने,
- एकल अधिकारका राजस्वका विषयमा कानुन निर्माण गरी कर असुली गर्ने,
- साझा अधिकारका विषयमा सङ्घले आवश्यक कानुन, मापदण्ड तयार गरी प्रदेश र स्थानीय तहलाई मार्गदर्शन गर्ने,
- सङ्घले प्रदेश र स्थानीय तहको संस्थागत क्षमता विकास गरेर सहयोग गर्ने,
- सङ्घले राजस्व प्रशासनका अनुभवी कर्मचारी प्रदेशमा पठाउने, प्रदेशको समन्वय तथा सहयोगमा स्थानीय तहको राजस्व प्रशासनको क्षमता विकास गर्ने,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व सम्भाव्यताको अध्ययन गर्ने, राजस्व असुलीमा गर्नुपर्ने सुधार पहिचान गरी सिफारिस गर्ने,
- सङ्घबाट प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई वित्तीय सङ्घीयताका विषयमा आवश्यक ज्ञान तथा अनुभव आदान प्रदान गर्ने गराउने,
- प्रदेश र स्थानीय तहले करको अग्र र पृष्ठ सम्बन्धहरूको अध्ययन विश्लेषण गरी करको दर निर्धारण गर्ने,
- प्रदेश र स्थानीय तहमा आन्तरिक ऋण उठाउन व्यवस्थापकीय क्षमताको विकास गर्ने, ऋण प्रयोगका क्षेत्र, ऋण दिने निकाय, ऋण असुली तथा भुक्तानी प्रक्रियालगायतका कार्य स्पष्ट गर्ने, यस विषयमा सङ्घले आफूमा भएको ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्ने,
- अनुदान वितरण कार्यलाई कार्यसम्पादनसँग आबद्ध गरी अझै वैज्ञानिक एवं वस्तुपरक बनाउने,
- ससर्त, समपूरक र विशेष अनुदानभन्दा वित्तीय समानीकरण अनुदानमा जोड दिने,
- सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व प्रशासनमा एक आपसमा ज्ञान, सीप र अनुभव आदान प्रदान हुने किसिमको संरचना र प्रणाली स्थापना गर्ने,
- प्रदेश र स्थानीय तहले आफ्नो आन्तरिक आयभन्दा प्रशासनिक खर्च बढी नहुने गरी बजेट संरचना तयार गर्ने,
- प्रदेश र स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानुनी व्यवस्थाको पूर्ण पालना गर्ने,
- स्थानीय तहले असार १० भित्रमा वार्षिक बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्थालाई शिरोधार्य गरी बजेट प्रणालीलाई संस्थागत गर्ने,
- स्थानीय तहले आय र व्ययको प्रगति विवरण समयमै तयार गर्ने, समयमै अन्तिम लेखापरीक्षण गराएर सोको प्रतिवेदन सार्वजनिक गर्ने, देखिएका बेरुजु तथा अनियमितता फर्स्योट गर्नेलगायतका कार्यलाई संस्थागत गर्ने,
- नेपाल सरकारका अर्थमन्त्रीको संयोजकत्वमा गठन हुने अन्तरसरकारी वित्त परिषद्को सुदृढीकरण गरी तीन तहका सरकारबीच वित्त व्यवस्थापनका क्षेत्रमा आवश्यक परामर्श तथा समन्वय गर्ने कार्यलाई थप प्रभावकारी बनाउने,
- जिल्ला समन्वय समितिको सबलीकरण गरी जिल्लाभित्र कार्यरत सङ्घ, प्रदेश र स्थानीय तहका कार्यालयले गर्ने कार्यबीच पर्याप्त समन्वय गर्ने कार्यलाई प्रभावकारी बनाउने,
- पालिकाहरूमा स्थानीय सार्वजनिक लेखा समिति गठन गरी वित्तीय जवाफदेहिताको प्रवर्द्धन गर्ने,
- पालिकाहरूमा उपाध्यक्ष एवं उपप्रमुखको संयोजकत्वमा गठन हुने स्थानीय राजस्व परामर्श समिति र बजेट तथा कार्यक्रम समितिको सबलीकरण गरी राजस्व सुधार तथा बजेट प्रणालीलाई संस्थागत गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**